



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २६ गते बिहीबार ❑ 10 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## कांग्रेसले सुरु गर्दै 'घर-घर जाऔँ, कांग्रेस जिताऔँ' अभियान

**रासस**
**काठमाडौं, २५ फागुन**

नेपाली कांग्रेसले स्थानीय तहको निर्वाचनका लागि यही फागुन २९ गतेदेखि एक महिने 'घर-घर जाऔँ, कांग्रेस जिताऔँ' अभियान प्रारम्भ गर्ने भएको छ।

आगामी चैत २९ गतेसम्म सञ्चालन हुने अभियानका विभिन्न आठ उद्देश्य रहेको पार्टी कार्यालयद्वारा बुधबारआयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। अभियानअन्तर्गत आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा मतदानमा सहभागी भई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्न मतदातालाई अपिल गर्दै निर्वाचनको माहोल बनाउने उद्देश्य रहेको पार्टी प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो । स्थानीय निर्वाचनमा कांग्रेसलाई विजयी गराउन वडा र टोल तहसम्म पार्टीभित्र सौहार्दता, एकता र ऊर्जा अभिवृद्धि गर्ने, कांग्रेसका उम्मेदवारलाई विजयी गराउन मतदातालाई अपिल गर्ने अभियानको उद्देश्य रहेको छ। यसैगरी 'हरेक काँधलाई भारी, हरेक हातलाई जिम्मेवारी' को नीति साथ पार्टीको विधानमा व्यवस्था गरिएका विभिन्न जिम्मेवारी बाँडफाँट गरेर पार्टी पङ्क्तिलाई स्थानीय निर्वाचनमा बृहत्तर परिचालनतर्फ उन्मुख गराउने उहाँले बताउनुभयो । कांग्रेसको नेतृत्वमा विगतमा हासिल राजनीतिक र आर्थिक उपलब्धि जनसमक्ष विस्तारितरूपमा राख्ने, विगतमा नेकपाको नेतृत्वको सरकारको गत तीन वर्षे कार्यकालमा भएका जनभावनाविपरीतका गतिविधि, असंवैधानिक कदम र भ्रष्टाचार प्रकरण जनतासमक्ष व्यापकरूपमा राख्ने कांग्रेसको अभियान छ। प्रतिपक्षमा रहनुपर्ने जिम्मेवारीका बाबजुद संविधान रक्षाका लागि बाध्यात्मकरूपमा सरकारमा जानु परेको यथार्थ जनसमक्ष राख्ने, कांग्रेसको नेतृत्वमा सरकार बनेपछि जनताको जीवन रक्षालाई प्रधान कार्यभार बनाएर सरकारले छोटो समयमा ७० प्रतिशत नागरिकलाई खोप लगाइसकेको र निर्वाचनसम्म पुग्दा प्रायलाई लगाइसक्ने योजना थप स्मरण गराउँदै जनतालाई कोरोना महामारीसँग अझै सतर्कताका लागि अपिल गरिने प्रवक्ता डा महतले जानकारी दिनुभयो। राष्ट्रिय सहमति निर्माण गरी हालसम्मको सबैभन्दा ठूलो अनुदान सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको सुझबुझपूर्ण नेतृत्वमा वर्तमान सरकारले संसद्बाट पारित भएको हुँदा त्यसबारे जनस्तरमा छरिएका भ्रम र दुष्प्रचारलाई बुँदागतरूपमा चिर्दै वास्तविकरूपमा राख्ने अभियानको उद्देश्य छ। यसैगरी कांग्रेसले अभियान सुरु हुनु दुई दिनअघि सबै जिल्लामा पार्टीका केन्द्रीय प्रतिनिधि पुग्ने जनाएको छ। केन्द्रीय प्रतिनिधिलाई अभियान सुरु हुनुअघि तथा सुरु भएपश्चात् वडा तहको कार्यक्रमलाई प्रभावकारी बनाउन प्रेरित भूमिकाका लागि सबै स्थानीय तहमा एक पटक अनिवार्य पुग्ने जिम्मेवारी तोकिएको छ।

सङ्घीय संरचना निर्माणपश्चात् को यो प्रथम अभियान प्रभावकार िरूपले सफल बनाउन पार्टीको सात प्रदेश कार्यसमितिले आफ्नो प्रदेशमा नेतृत्वदायी महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। सो क्रममा केन्द्रबाट निर्धारित अभियानलाई सफल बनाउन आवश्यक कार्ययोजना निर्माण गर्ने, सम्पूर्ण कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक जिम्मेवारी बाँडफाँट गर्ने, अभियानका कार्यक्रम व्यवस्थित बनाउन प्रेरक भूमिका र आवश्यक समन्वय गर्ने, केन्द्रद्वारा निर्धारित कार्यक्रमलाई असर नपर्ने गरी आफ्नो प्रदेशभित्र अभियानमा आवश्यकतानुसार थप कार्यक्रम तर्जुमा गर्ने र आफ्नो प्रदेशभित्रको समग्र अभियानलाई सम्पूर्ण अनुगमन गर्ने गरी प्रदेश समितिलाई जिम्मेवारी तोकिएको प्रवक्ता डा महतले जानकारी दिनुभयो।

## प्राविधिक शिक्षाले विद्यार्थी र विद्यालयको भविष्य छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**



गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले प्राविधिक शिक्षाले विद्यार्थी र विद्यालयको समेत भविष्य राम्रो हुने बताउनु भएको छ।

पोखरा २२ (पुम्दी भुम्दी) मा रहेको शुक्रराज माविको बुधबार पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले अहिलेको समयमा प्रविधिक शिक्षाले विद्यार्थी र विद्यालयकै भविष्य उज्जवल हुने बताउनु भएको हो । शिक्षाको नाममा विभिन्न ठाँउमा स्थापन भएका विद्यालयहरुको दिगोपनको लागि अब पुनः सोच विचार गरेर विद्यालयहरुलाई मर्जको सिस्टममा लैजानुपर्ने उहाँले जनाउनु भयो । शुक्रराज जस्तै विद्यालयको पकेट क्षेत्र नहुदा विद्यार्थी तानातानले शिक्षामा अस्वस्थ प्रतिष्पर्धा भएको मन्त्री बरालले बताउनु भयो । पोखरा २२ को शैक्षिक धरोहरको रुपमा रहेको शुक्रराज माविलाई नै थप व्यबस्थित र शैक्षिक गुणस्तरको लागि सवै एक हुन जरुरी रहेको विद्यालयका पुर्व अध्यक्ष समेत रहनु भएका मन्त्री बरालले बताउनुभयो । पोखरा २२ मा तीन विद्यालयहरु माविकै रुपमा संचालन गर्नु कति उचित होला त्यसको अब बहस गर्नुपर्ने समय आएको उहाँको भनाई थियो । विद्यालयको दिगोपनको लागि प्राविधिक शिक्षा संचालनको पहल गरेको मन्त्री बरालले बताउनु भयो । पोखरा महानगरपालिका वडा नम्बर २२ का वडा अध्यक्ष मित्रलाल बरालले भेटेरेनरी शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनु भयो। पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बिशाल महादेवको मुर्ति व्यबस्थित ढंगले संचालनमा आएसंगै यस क्षेत्रका विद्यालयहरुलाई समेत संचालनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । पुर्व अध्यक्ष हिमलाल बरालले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सवैको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिनु भयो।

बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष नरहरी बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पूर्व प्रशासक दण्डपाणि बराल, सहकारीकर्मी लक्ष्मी बराल, नेकपा एमालेका झलक प्रसाद बराल, नेपाली कांग्रेसका होम प्रसाद बराल, माओबादी केन्द्रका नवराज बराल, पूर्व विद्यार्थी डा.कृष्ण प्रसाद पौडेल, प्रध्यानाध्यापक नरनाथ बराल, सहप्रध्यानाध्यापक दीपकराज पौडेल, शिक्षक बालकृष्ण बराल लगायतले शैक्षिक गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड दिनु भएको थियो । उक्त अवसरमा पूर्व बिद्यार्थी बिष्णु बरालले लोकगित समेत प्रस्तुतः गर्नु भएको थियो भने विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुती गर्नु भएको थियो। विद्यालयमा हाल करिब एक सय जना भेटेरेनरी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्थानीय निर्वाचनमा केन्द्रित हुन अध्यक्ष नेपालको आह्वान

**रासस**
**काठमाडौं, २५ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सिङ्गो पार्टी पङ्क्तिलाई पूर्ण उत्साहका साथ स्थानीय तहको निर्वाचनमा केन्द्रित हुन आह्वान गर्नुभएको छ । पार्टी केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष नेपालले पार्टीको सबै तह र तप्काका नेता तथा कार्यकर्तालाई स्थानीय निर्वाचनमा केन्द्रित हुन आह्वान गर्नुभएको हो।

साथै बैठकमा पार्टीका सम्मानित नेता झलनाथ खनालले पार्टी पङ्क्तिलाई एकताबद्ध भएर अघि बढ्न अपिल गर्नुभएको थियो।

बैठकमा राजनीतिक प्रतिवेदनका अतिरिक्त सम्पर्क मञ्च सञ्चालन निर्देशिका र मोर्चा सङ्गठन सञ्चालन निर्देशिका पनि छलफलका लागि प्रस्तुत गरिएको थियो।

बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदन र मञ्च सञ्चालन निर्देशिका र मोर्चा सङ्गठन सञ्चालन निर्देशिकामाथि छलफल गरी सुझाव प्रस्तुत गर्न केन्द्रीय सदस्यहरूलाई नौ वटा समूहमा विभाजन गरिएको तथा समूह छलफल जारी रहेको पार्टीका महासचिव डा बेदुराम भुसालले बताउनुभयो।

समूह छलफलका निष्कर्षहरू बिहीबारको बैठकमा प्रस्तुत गरिने जानकारी पनि उहाँले दिनुभयो।

## लेखनाथ महोत्सवको बिहीबारदेखि

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

लेखनाथ उद्योग बाणिज्य संघको आयोजनामा संचालन हुने १७ औं संस्करणको लेखनाथ महोत्सव २०७८ को विहिबार उद्घाटन हुँदैछ।

नेपाल सरकारका अर्थमन्त्री जनार्दन शर्माले महोत्सवको उद्घाटन गर्ने कार्यक्रम रहेको लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले जानकारी दिए।

महोत्सव लेखनाथको संस्कृती, स्थानीय उत्पादन विकास र संमृद्धि भन्ने नाराका साथ आयोजित महोत्सवमा विभिन्न बस्तु तथा उत्पादनका गरी तीन सय स्टल राखिएको छ। प्रदर्शनी एवं विक्रीका लागि स्टलमा व्यवसायीहरुले सामान राख्ने काम सकिएको बताउँदै अध्यक्ष आत्रेयले महोत्सवको उद्घाटनको प्रतिक्षामा रहेको उल्लेख गरे।

खाद्यान्न, फेन्सी, अटो, सुचना प्रविधि, स्थानीय उत्पादनका कृषिजन्य सामाग्री र हस्तकला लगायतका सामाग्रीहरु प्रदर्शनीमा राखिएको प्रचार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेतृत्वमा महिला पुर्‍याउन अभियानको खाँचो : उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**



गण्डकी प्रदेशका उपसभामुख सृजना शर्माले नेतृत्वमा महिलालाई पुर्‍याउन सामुहिक अभियानको खाँचो रहेको बताउनुभएको छ।

११२ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको समन्वय र कोपिला नेपाल, शान्तिका लागि नागरिक समाज, महिला मानवअधिकार रक्षक सञ्जालको आयोजनामा पोखरामा आयोजित 'नेतृत्वमा तहमा महिला सहभागिताको सुनिश्चितता, आजको आवश्यता' विषयक कार्यक्रममा उपसभामुख शर्माले वर्षौंदेखि राजनीतिमा सक्रिय महिला नेतृत्वमा पुग्ने समयमा विभेद हुने गरेको जनाउँदै नेतृत्वमा महिला पुर्‍याउन सबै पार्टीका महिलाबाट सामुहिक रुपमा अभियानको थालनीको खाँचो रहेको बताउनु भएको हो। उहाँले घरपरिवार व्यवस्थापनसँगै राजनीतिमा क्रियाशिल महिलालाई नेतृत्वमा पुग्ने समयमा विभिन्न खालका अवरोधहरु सृजना हुने, मनोवल गिराउने खालका कार्यले राजनीतिमा महिलाको उपस्थिति बढ्न नसकेको उहाँको भनाइ छ । उहाँले महिलाले आफ्नो अधिकारको लागि आवाजलाई बुलन्द पार्दै अगाडि बढ्नु पर्ने र आफूलाई कमजोर सोच्न नहुने बताउनुभयो। उपसभामुख शर्माले कतिपय जिल्लामा उपमेयरमा समेत गठबन्धन गरेर पुरुषलाई उठाएर महिलालाई अवसरबाट बञ्चित गराउने कार्य भएको जनाउँदै आसन्न चुनावमा सबैपार्टिले महिलालाई नेतृत्वमा पुर्‍याउनका लागि सकारात्मक भूमिका खेल्न आग्रह गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य पुष्पा भण्डारीले विभिन्न क्षेत्रमा महिलाको अवस्थाको बारेमा तथ्यांक प्रस्तुत गर्दै निर्णायक तहमा महिला पुग्न सके मात्रै महिलामैत्री कानुनको निर्माण सम्भव हुने धारणा राख्नुभयो । उहाँले पितृसत्तात्मक सामाजिक मुल्य मान्यता, सूचनामा न्यून पहुँच, परम्परागत सोच, शिक्षाको कमी, लगायतले महिला नेतृत्व तहमा पुग्न समस्या भएको बताउनुभयो । नेकपमा एमाले जिल्ला उपाध्यक्ष तेजनारायण अधिकारी राजनीतिमा महिलाको उपस्थिती पछिल्लो समय निकै राम्रो रहेको र अब क्षमता विकाससँगै नेतृत्वमा महिलाको संख्या बढ्दै जाने बताउनुभयो । उहाँले सवल सक्षम महिलासँगको चुनावी प्रतिष्पर्धामा पुरुष उम्मेदवार पराजित भएकाले अब महिलामाथिको विभेद हट्दै सशक्त महिलाले अवसर पाउँदै गएको धारणा राख्नुभयो।

कार्यक्रममा राष्टिय मानव अधिकार आयोगका प्रमुख चन्द्रकान्त चापागाइँ, प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारी, गैह्रसरकारी संस्थाका महासंघ गण्डकीका अध्यक्ष गोपाल खड्का, अखिल नेपाल महिला संघका कास्कीका सुसिला पराजुली, इन्सेक गण्डकीका संयोजक शिव खकुरेल, कोपिला नेपालका कार्यकारी निर्देशक विना सिलवालले महिलाको सामाजिक र राजनीतिक योगदानको कदर गर्न नसक्दा नेतृत्वमा महिला पुग्नबाट बञ्चित हुने गरेको धारणा राख्नुभयो। उहाँहरुले महिलामैत्री वातारण नबनेसम्म राजनीतिमा महिलाको संख्यात्मक उपस्थिती बढेपनि गुणात्मक संख्या बढ्न नसक्ने भन्दै राज्यले सकारात्मक विभेदको नीति अवलम्बन गरेर महिलालाई अगाडि बढाउन आवश्यक रहेकाले सबै क्षेत्रबाट दवाबको खाँचो रहेको समेत औंल्याउनुभयो। कार्यक्रममा सहभागी विभिन्न वडाका महिला जनप्रतिनिधि र दलित महिला जनप्रतिनिधिले वडामा आफ्नो संख्यात्मक उपस्थिती मात्रै हुने गरेको र निर्णय गर्नुपर्ने कतिपय विषयमा विभेद गर्ने, सल्लाह विना निर्णय गर्ने, अवसरहरुबाट बञ्चित गराउने र महिलाको अस्तित्वलाई स्विकार्न नसकेको गुनासो राख्नुभएको थियो।



# नेपाल ईन्जिनियर्स एसोसिएसन केन्द्रीय उपाध्यक्षमा देउकाजीको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

नेपाल ईन्जिनियर्स एसोसिएसनको ३३ औं केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन आउँदो शुक्रबार हुँदैछ । यतिबेला देशैभरका इन्जिनियरहरुलाई चुनाव लागेको छ । निर्वाचन मिति नजिकिँदै गर्दा उनीहरु आ-आफ्नो पक्षमा मत माग्न व्यस्त देखिन थालेका छन् ।



उक्त निर्वाचनमा पोखराका ईन्जिनियर देउकाजी गुरुङले केन्द्रीय उपाध्यक्षमा आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । उनले ई. डा.सुरज लामिछानेको बृहत राष्ट्रिय प्रगतिशिल गठबन्धनबाट चुनाव लड्न लागेका हुन् । पोखराका गुरुङ थापाथलीस्थित ईन्जिनियरिङ क्याम्पसका उप-प्राध्यापक, नेपाल प्रगतिशील प्राध्यापक संगठनका केन्द्रीय उपाध्यक्ष, नेकपा एमाले केन्द्रीय अर्थ तथा योजना विभागका सदस्य, नेपाल भ्यालुएटर्स एशोसिएसनका सल्लाहकार, नेपाल इन्स्योरेन्स सर्भेयर एसोसिएसनका उपाध्यक्ष हुन् । यसबाहेक पनि अन्य थुप्रै संघसंस्थाहरु आवद्ध भएका उनले ईन्जिनियरिङको क्षेत्रमा लामो अनुभव बटुलीसकेका छन् । देउकाजी सम्मिलित समितिको महासचिवमा ई. डा.भेषराज थापा, उप-महासचिवमा ई.शिवराम केसी, कोषाध्यक्षमा ई.डा.आनन्द सिंह तथा सह-कोषाध्यक्षमा ई.अर्जुन पौडेलले चुनाव लड्दै हुनुहुन्छ । गतवर्ष चैत २४ गते तोकिएको एसोसिन केन्द्रीय र प्रदेश समितिको निर्वाचन कोरोना महामारीका कारण पटक-पटक सारिदै आएको थियो । यसअघि ७ माघमा गर्ने भनिएको निर्वाचन प्रक्रिया पुनः सरेर २७ फागुनलाई तोकिएको हो । एसोसिएसनमा आबद्ध देशभर २१ हजार ६ सय ८० जना मतदाताले निर्वाचनमा मतदान गर्ने छन् ।

# अन्नपूर्ण केवलकार बन्द

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

पोखरामा पहिलो पटक संचालनमा आएको अन्नपूर्ण केवलकार हाल बन्द भएको छ । यही फागुन ६ गतेदेखि संचालन भएको उक्त केवलकार नियमित मर्मतको लागि कम्पनीले फागुन २५ देखि ३० गतेसम्मको लागि बन्द गर्ने भएको अन्नपूर्ण केवलकारका निर्देशक एवं संचालक तिर्थराज त्रिपाठीले बताए ।

उक्त केवलकार संचालनको लागि हाल जेनेरेटल आएकोले त्यसको स्टलेसन गर्नको लागि ६ दिन उक्त केवलकार व्यवसायीक रुपमा बन्द गरिने भएको उनले जनाए । केवलकार संचालनको १९ दिनमा करिब ३ हजार भन्दा बढी पर्यटकहरु भित्रिएको त्रिपाठीले जनाए । उनका अनुसार उक्त जेनेरेटर जडान भएसंगै अब आगामी चैत १ गते देखि फुल फेजमा उक्त केवलकार संचालन गर्ने तयारी समेत गरिएको निर्देशक त्रिपाठीले बताए । फेवातालको किनार सेदीबगरबाट ८ देखि ९ मिनेटमै सराङ्कोट डाडाँमा पुगिने भएको जनरल म्यानेजर दीनेश पौडेलले बताए । नेपालीहरुको लागि केवलकारमा जाने र आउने शुल्कः ७ सय रुपैया निर्धारण गरिएको कम्पनीले जनाएको छ । त्यसै गरी सार्क राष्ट्रका पर्यटकलाई ८ सय र अन्य विदेशीहरुलाई भने ९ डलर शुल्क निर्धारण गरिएको त्रिपाठीले जनाए । अहिले फेवाताल क्षेत्रबाट सराङ्कोट जान गाडीबाट करिब ४५ मिनेट लाग्छ । ज्येष्ठ नागरिकको लागि ५० प्रतिशत र बिद्यार्थीहरुको लागि २५ प्रतिशत छुटको व्यबस्था गरिएको निर्देशक त्रिपाठीले जनाए । उक्त परियोजनाका प्राविधिक इन्चार्ज डि.एन.कायस्थले उक्त केवलकार अत्याधुनिक प्रविधि जडान भएकोले सुरक्षाको दृष्टिले निकै मजबुद भएको दाबी गरे ।

उक्त परियोजनामा हाल करिब २ अर्ब लगानी भएको निर्देशक त्रिपाठीले बताए । २.४ किलोमिटर दुरीमा हाल १८ वटा टावर रहेकाछन भने एक सामान वोक्ने सहित १८ वटै गुण्डला (डिब्बा) जडान भएको जनरल म्यानेजर पौडेलले बताए । प्रति डिब्बामा ८ जनाको सिट क्षेमता रहेको छ भने प्रति घण्टा ५ सय जना यात्रु ओहोर दोहोर गर्न सकिने भएको उनले जनाए ।

पोखराको फेवाताल किनारा र सराङ्कोटलाई जोड्ने गरी पोखरामा पर्यटनको नयाँ प्रोडक्टको रुपमा आफुहरुले विकसित गर्न खोजिएको त्रिपाठीले बताए । उक्त केवलकारमा करिब ३६ वटा भन्दा बढी डिब्बा क्षेमताको भएको उनले जनाए । केबलकारमा युवा व्यवसायि कालु गुरुङ सहितका नेपाली व्यवसायी, पूर्व जापानी नागरिक टाकासी मियाहारा र स्थानीयको लगानी रहेको प्रालिले जनाएको छ । अन्नपूर्ण केबलकार प्रालिका अध्यक्ष कालु गुरुङ रहेका छन् । केबलकार निर्माणको जिम्मा चितवन कोई समूहले पाएको हो । नेपालमा सञ्चालनमा रहेका मनकामना र चन्द्रागिरी केबलकार जस्तै भएपनि यो केबलबार नयाँ प्रविधि प्रयोग भएको अध्यक्ष गुरुङले बताउदै आएका छन् ।

# सिद्ध सन्यासी डाँडा वन उपभोक्ता समुहको अध्यक्षमा दिपक

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित सिद्ध सन्यासी डाँडा समुदायिक वन उपभोक्ता समुहको दशौ वार्षिक साधारण सभा तथाा चौथो अधिवेशनले दिपक वराललाइ अध्यक्षमा चयन गरेको छ ।



हालै भएको अधिवेशनले उपाध्यक्षमा राममाया आचार्य वराल, सचिवमा भोला भद्र वाग्ले, कोषाध्यक्षमा आनन्द कुमारी बानियाँ र सदस्यहरुमा क्रमश विष्णु विक, नविन वराल, ज्ञान बहादुर वराल, लक्ष्मण सुनार, र सारदा वराल चयन भएका छन् । समाजसेवी पुर्ण भद्र वाग्लेले कार्यक्रमको उद्घाटन गरेका थिए ।

समुहका अध्यक्ष अम्मरराज वरालको अध्यक्षतामा भएको कार्यक्रममा जनकल्याण समितिका अध्यक्ष देवराज वराल लगायत वोलेको कार्यक्रममा सचिव कृणवहादुर वरालले संचालन गरेका थिए ।

# राप्रपा नेपाल गण्डकी प्रदेश कार्य समितिको बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

राप्रपा नेपाल गण्डकी प्रदेश कार्य समितिको बैठक बुधवार पोखरामा सम्पन्न भएको छ ।

बैठकले यस प्रदेशका एघार जिल्लामा जिल्ला कार्य समिति २०७८ चैत्र १५ भित्र गठन गर्न समन्वयका लागि पार्टीका सहायक महामन्त्री शिवकुमार बाँस्तोलाको संयोजकत्वमा चार सदस्यीय समन्वय समिति गठन गरेको छ ।

उक्त समितिमा केन्द्रीय सदस्यद्वय सूर्य बास्तोला र कृष्ण प्रसाद पौडेल, गोरखा जिल्ला अध्यक्ष कुल बहादुर बस्नेत, पर्वत जिल्ला अध्यक्ष हेम शर्मा पौडेल सदस्य रहेका छन् । साथै प्रत्येक महिनाको ७ गते मासिक बैठक बस्ने तथा पार्टीको बिधान र घोषणा पत्रलाई अक्षरस पालना गर्ने समेत निर्णय गरेको छ ।

पार्टीका सहायक महामन्त्रीद्वय धर्मकुमार गुरुङ र शिव कुमार बाँस्तोलाको बिशेष उपस्थितिमा बसेको बैठकमा केन्द्रीय तथा जिल्लाका नेताहरुको उल्लेख्य उपस्थिति थियो । प्रदेश अध्यक्ष राजेन्द्र बहादुर अधिकारीको अध्यक्षतामा बसेको बैठकको सञ्चालन सूर्य बास्तोलाले गरेका थिए ।

# रुपामा अन्तर आमा समुह हाजिर जवाफ

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा कास्कीको रुपा गाउँपालिकाले गाविसस्तरीय अन्तर आमा समुह हाजिरजवाफ प्रतियोगिताको सम्पन्न भएको छ ।



महिलाको क्षमता अभिवृद्धिका लागि हाजिरजवाफ लक्ष्यका साथ आयोजित प्रतियोगितामा दिगो आमा समुह प्रथम, भिरकोट आमा समुह द्धितीय, भित्रीगाउँ हातेमालो आमा समुह तृतीय र नवदुर्गा आमा समुहले सान्त्वना भएका थिए । कूल २१ वटा टीमको सहभागिता रहेको प्रतियोगिताका विजयी टीमले क्रमश १० हजार, आठ हजार, छ हजार र चार हजार नगद पुरस्कार प्राप्त गरेका थिए भने सहभागी प्रत्येक टीमलाई दुई हजार रुपैयाका दरले नगद पुरस्कार प्रदान गरिएको थियो । गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले प्रतियोगताका विजयी टिमलाई नगद पुरस्कार वितरण गर्दै महिलाहरुले प्राप्त हक अधिकारको उपयोगमार्फत निर्णायक तहमा पुग्नुपर्ने बताउनुभयो । संवैधानिक अधिकार मागेर होईन खोसेर लिनु पर्नेउल्लेखगर्दैउहाँलेत्यसकालागि सम्पूर्ण महिला शक्ति एकतावद्ध भएर समृद्धिको अभियानमा जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो । आमाले छोराछोरीलाई समान व्यवहार गर्नुपर्नेमा जोड दिंदै उपसभामुख शर्माले भन्नुभयो,पछिल्लो समय मुलुकमा महिला तथा बालबालिकाप्रति बढेको हिंसाको अन्त्यका सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । "सामाजिक न्याय र लैङ्गिक समानता दिगो विकासको सुनिश्चितता" नारा सहित आयोजित कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष लालसुव्वा गुरुङले पाँच बर्षको अवधिमा पालिकाको खानेपानी, सडक, शिक्षा, स्वास्थ्य, कृषि लगायतका बिभिन्न क्षेत्रको विकासमा जोडदिदैं आएको जानकारी दिनुभयो ।

कार्यक्रममा रुपा वडा नं. १ का वडाअध्यक्ष दिपककुमार आले, २ का कार्यवाहक वडाअध्यक्ष गिता रुपाखेतीले अन्तर आमा समूह हाजिरीजवाफ प्रतियोगिताले आमाहरुमा उत्साह थप्नुका साथै ज्ञानबर्दक भएको विचार व्यक्त गर्नुभयो ।

## लेखनाथ ...

प्रसार उपसमितिका संयोजक एवं लेखनाथ उद्योग बाणिज्य संघका द्धितिय उपाध्यक्ष गोपिचन्द्र बास्तोलाले बताए ।

बालबालिकाका लागि बालउद्यान, युवा पुस्ताका लागि पप तथा डिस्को जक्की, लोकदोहोरी, महिलाहरुको रत्यौली गीत प्रतियोगिताका साथ पहिलो दिन विभिन्न आमा तथा महिला समूह र जनजातीको झयाँकी र्‍याली समेत समेटिएको संघका उपमहासचिव जानुका पराजुली अधिकारीले बताईन ।

कोरोनाबाट थलिएको लेखनाथ क्षेत्रको अर्थतन्त्रलाई चलायामान बनाउन महोत्सवले टेवा पुग्ने संघका अध्यक्ष आत्रेयले बताए । मौसमको प्रतिकुलता र कोभिड उच्च जोखिमलाई समेत मध्यनजर गर्दै उच्च सर्तकता अपनाईएको अध्यक्ष आत्रेयले जानकारी दिए । महोत्सव झण्डै तीन लाख ५० हजार दर्शकले अवलोकन गर्ने र १० करोडको कारोबार हुने संघको अपेक्षा रहेको छ ।

## प्राविधिक...

(पशुपालन) मा सहित ३ सय बढी विद्यार्थीहरु अध्ययनरत रहेको प्रध्यानाध्यापक बरालले बताउनु भयो । ३८ जना कर्मचारी सहित शिक्षकहरु रहेकोले करिब ११ जना कर्मचारी सहित शिक्षकको निजी श्रोतबाट व्यबस्थापन गर्नुपर्ने भएकोले विद्यालयलाई बार्षीक रुपमा २० लाखको आर्थिक भार हुने गरेको उहाँले बताउनु भयो । शहीद शुक्रराज शास्त्रीको जन्मदिन माघ १६ गते विद्यालयको बार्षिकोत्सव मनाउदै आए पनि पछिल्लो ३ बर्षदेखि कोभिडको कारण खासै मनाउन नपाएको अध्यक्ष बरालले बताउनु भयो । उक्त अवसरमा विद्यालयलाई सहयोग गर्नेहरुलाई सम्मान समेत गरिएको थियो ।


**जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।**

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिक मैत्री बातावरण निर्माण गरौं ।

*सभ्यताको परिचय दिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

## सम्पादकीय

# भएको भन्दा बढी प्रचार

छुट्टयाइएको बजेट कार्यान्वयन गर्नुभन्दा गैर बजेटरी थप बजेट माग्ने क्रम जारी छादेशका १० वटा विकासे मन्त्रालयले थप बजेटमा मागेर बजेट होल्ड गर्न थालेकाले छन् । छुट्टयाइएको बजेट खर्चको हुन सकेका छैन । पुँजीगत खर्च बढाउन प्रयास गर्नुपर्नेमा ध्यान नदिएर थप बजेटमा माग्नुको औचित्य पुष्ट हुन सक्दैन । थप बजेट माग गर्ने मन्त्रालय भौतिक पूर्वाधार रहेको छ। जसले १ खर्ब ६९ करोड रुपैयाँ माग गरेको छ । जबकी यो मन्त्रालयले आफ्नो कूल बजेटको २३ दशमलव ५६ प्रतिशत मात्र खर्च गरेको छ । तर मन्त्रालयले करिब एक वर्षमा विनियोजन गरेको बराबरकै थप रकम माग गरेको हो ।

उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयले १ खर्ब ४४ करोड रुपैयाँ माग गरेको छ । यस मन्त्रालयले कुल विनियोजित बजेटको १३ दशमलव २७ प्रतिशत मात्रै खर्च गरेको छ । तर अत्याधिक रकम थप माग गरेको देखिएको छा यी दुई मन्त्रालयको खर्च प्रगति न्यून रहेको अवस्थामा गैरबजेटरी माग भने अत्याधिक देखिएको हो । अहिलेसम्म ४० प्रतिशतसम्म खर्च हुन नसकेको अवस्थामा कुल पुँजीगत बजेट जति थप बजेट मागेर आर्थिक अनुशासन पालना गर्नुपर्दैन भन्ने सन्देश दिएका छन। भौतिक पूर्वाधार र उर्जा तथा सिंचाइ पछि थप बजेट खर्च गर्ने शहरी विकास मन्त्रालय रहेको छ। शहरी विकासले थप ४१ अर्ब २४ करोड रुपैयाँ माग गरेको छ।

त्यस्तै खानेपानी मन्त्रालयले ३१ अर्ब ४० करोड रुपैयाँ थप बजेट माग गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय १३ अर्ब १७ करोड रुपैयाँको स्रोत सुनिश्चिता माग गरेको अर्थ मन्त्रालयले सार्वजनिक गरिदिएको छ । यसैगरी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ८ अर्ब २५ करोड, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले २ अर्ब ६४ करोड, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १ अर्ब ७० करोड, संघीय मामिला मन्त्रालयले १ अर्ब र वन तथा वातावरण मन्त्रालयले ६३ करोड ५५ लाख गरी ३ खर्ब १ अर्ब १६ करोड रुपैयाँ माग गरेका छन् ।

चालु आर्थिक वर्षमा मुख्यतया पुँजीगत खर्च हुन सकिरहेको छैन । हालसम्म कुल बजेटको १९ प्रतिशत मात्रै विकास खर्च भएको छ । यसरी माग आएपछि अर्थमन्त्रालयले भने स्रोत व्यवस्थापन गर्न नसकिने उल्लेख गरेको छ । मन्त्रालयले हौसिएर गैरबजेटरी माग गर्नुभन्दा पनि आफ्नो विनियोजित बजेटलाई अनुशासनमा बसेर खर्च गर्न भनेको छ ।

बुधबार मन्त्रालयमा भएको एक छलफलमा अर्थसचिव मधु मरासिनीले विकासे मन्त्रालयका सचिवहरूलाई औचित्य पुष्टि भएकाको मात्रै थोरै माग सम्बोधन गर्न सकिने जनाउ दिएका छन । 'खर्च प्रणाली र अनुशासनमा रहेर बजेट खर्च गर्न ध्यान पुऱ्याउनु पर्दछ । निर्वाचनको लागि समेत खर्च जोहो गर्नुपर्ने बेला थप बजेटको माग चुनावको लागि प्रचार मात्र हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : मन चञ्चल |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोल्डेन नेचर बोर्डिङ स्कुलमा हाजिरीजवाफ प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

पोखरा महानगरपालिका, वडा नं. ३०, खुदी-ढुङ्गेपाटन अवस्थित गोल्डेन नेचर बोर्डिङ स्कुलले आफ्नो शैक्षिक क्यालेण्डरमा उल्लेख भए बमोजिम कक्षा ४ देखि ६ सम्म अध्ययनरत विद्यार्थीहरुका बिच हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको छ।

विद्यार्थीहरूमा रहेको बौद्धिक एवम् अतिरिक्त क्षमतामा सुधारका साथै थप निखार ल्याउने उद्देश्यले आयोजित उक्त प्रतियोगितामा सविन गुरुङ, संयोग तिमिल्सेना, प्रकृति पौडेल र सम्राट जङ्ग थापाको समूहले प्रथम स्थान प्राप्त गर्न सफल भयो भने दिव्या सुबेदी, सृष्टि सिग्देल, र्‍यान सुनार र क्रिष्टिना थापाको समूहले द्वितीय स्थान प्राप्त गर्न सफल भयो । उक्त कार्यक्रमको संयोजन विद्यालयका शिक्षक पुर्ण बहादुर थापा र शिक्षिका मञ्जु कुमारी घर्ती मगरले गर्नु भएको थियो ।

# सङ्क्रमणमुक्त भयो पर्वत

पोखरापत्र संवाददाता
पर्वत, २५ फागुन

पर्वत कोरोना सङ्क्रमणमुक्त भएको छ । सङ्क्रमित सबै मुक्त भएसँगै जिल्ला सङ्क्रमण शून्य जिल्ला बनेको हो ।

पहिलो, दोस्रो र तेस्रो लहरमा सङ्क्रमित भएकामध्ये सबै सङ्क्रमणमुक्त भएपछि जिल्ला नै कोरोनामुक्त बनेको स्वास्थ्य कार्यालय पर्वतले जनाएको छ ।

बुधबार थप दुई जना सङ्क्रमणमुक्त भएसँगै कोरोना सङ्क्रमणको सङ्ख्या शून्य भएको स्वास्थ्य कार्यालय पर्वतले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार तेस्रो लहरमा सङ्क्रमित भएका ८१४ जनामध्ये सबै मुक्त भएका छन् । तेस्रो लहरमा एक हजार ६५७ जनाको कोरोना परीक्षण गरिएको थियो । जसमध्ये पीसीआर परीक्षणमा २८ जना र एन्टिजेन परीक्षणबाट ७८६ जनामा पोजेटिभ देखिएको थियो ।

तेस्रो लहरमा पर्वतमा दुई जनाले ज्यान गुमाएका छन् भने हालसम्म जिल्लाभर कोरोना सङ्क्रमणबाट ७९ जनाले ज्यान गुमाएका छन् ।

पर्वतमा कोरोना पोजेटिभ हुनेदर झण्डै ४९ प्रतिशतसम्म पुगेको थियो । स्वास्थ्य कार्यालय पर्वतका कोभिड स्थानीय स्रोत व्यक्ति नारायण रेग्मीले अहिलेको लहर जिल्लामा नियन्त्रणमा आए पनि फेरि फैलनसक्ने भएकाले स्वास्थ्य सुरक्षाका मापदण्ड भने पालना गर्नुपर्ने बताउनुभयो ।

# आवश्यकताका आधारमा गठबन्धन : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, २५ फागुन

नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आवश्यकताका आधारमा आगामी निर्वाचनमा गठबन्धन हुने बताउनुभएको छ ।

नेपाल तरुण दल जिल्ला कार्य समिति तनहुँले आज दमौलीमा आयोजना गरेको तरुण भेलालाई सम्बोधन गर्दै उहाँले अहिलेको गठबन्धन निर्वाचनसम्मै लैजाने बताउनुभएको हो । वरिष्ठ नेता पौडेलले संविधानको रक्षाका लागि विगतमा गठबन्धन गरिएको उल्लेख गर्दै जुन ठाउँमा काग्रेस कमजोर छ, त्यहाँ गठबन्धन गर्दा काग्रेसलाई नै फाइदा पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हिजो संसद् विघटन गर्ने कार्यको विरोधमा गठबन्धन गरेका हौँ, आगामी निर्वाचनसम्म यसलाई लैजान्छौँ ।"

वरिष्ठ नेता पौडेलले काग्रेसलाई एकजुट बनाएर लैजानुपर्ने बताउँदै काग्रेस एकजुट भए मात्रै आगामी निर्वाचन जित्न सकिन्छ भन्नुभयो । काग्रेसलाई जिताउन युवाको महत्वपूर्ण भूमिका हुने भएकाले युवाहरू एक हुनुपर्ने उहाँले बताउनुभयो । "नजिकिँदै गरेको स्थानीय तहको निर्वाचनमा काग्रेसलाई जिताउन युवाहरू एकजुट भएर लाग्नुपर्छ", वरिष्ठ नेता पौडेलले भन्नुभयो, "युवा भनेका काग्रेसको मेरुदण्ड हो, युवाहरू काग्रेसलाई जिताउन एक भएर लाग्नुपर्छ ।"

# दोविल्ला-फलेवास सडक अवरुद्ध

पोखरापत्र संवाददाता
पर्वत, २५ फागुन

पर्वतको कुश्मा नगरपालिका-८ र ११ जोड्ने मोदीखोला माथिको दोबिल्ला मोटरेबल पुलमा टिप्पर दुर्घटना भएको छ । पुलमा टिप्पर दुर्घटना हुँदा दक्षिण पर्वत जोड्ने दोविल्ला-फलेवास सडक अवरुद्ध बनेको छ ।

यो पुलले पर्वतको फलेवास नगरपालिका, पैयुँ, बिहादी र महाशिला गाउँपालिका जोड्छ । आज बिहान साढे ७ बजे अलकत्र लिएर सिल्मीबाट कुश्मातर्फ आउँदै गरेको ग१ख ८६४१ नंको टिप्पर दुर्घटना भएको हो । दुर्घटनामा मानवीय क्षति भने नभएको स्थानीयवासी चित्रसागर श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार पुलको भार बहन क्षमता १५ टन मात्र भए पनि दिनहुँ क्षमताभन्दा दोब्बर लोड भएका करिब १०० भन्दा बढी टिप्पर यहाँबाट ओहोरदोहोर गर्ने बताउनुभयो । पुलमा पल्टिएको टिप्पर निकाल्नका लागि प्रयास भइरहे पनि लोड बढी भएका कारण समस्या परेको प्रहरीले जनाएको छ । पुलबाट आवतजावत गर्न नपाउँदा फलेवासबाट छुटेका लामो तथा छोटो दूरीका सवारी साधन सिल्मीमा रोकिएका छन् भने ग्रामीण भेगमा जाने सवारी साधन दोविल्लामा रोकिएका छन् । सडक खुलाउनका लागि पहल भइरहेको प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिनुभयो । निर्माण भएको १५ वर्षसम्म पनि पुल मर्मत नहुँदा जीर्ण बन्दै गएको छ । पुलमा राखिएका फलामका पाता उप्किएका छन् भने पर्खाल तथा नट बल्टुहरूसमेत खुस्किएकाले बढी क्षमता भएको टिप्पर पल्टिएको हो ।

# कांग्रेसमा युवाको भूमिका महत्वपूर्ण : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, २५ फागुन

नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा तरुण युवाको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

नेपाल तरुण दल भानु नगर समितिले मङ्गलबार आयोजना गरेको सङ्गठन सुदृढीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले युवा शक्तिकै कारण पार्टी बलियो हुने बताउनुभयो । नजिकिँदै गरेको स्थानीय तहको निर्वाचनमा काग्रेसलाई जिताउन युवाहरू एकजुट भएर लाग्नुपर्नेमा वरिष्ठ नेता पौडेलको जोड थियो । "युवा भनेका काग्रेसको मेरुदण्ड हो, युवाहरू काग्रेसलाई जिताउन एक भएर लाग्नुपर्छ", उहाँले भन्नुभयो । काग्रेसले जितेमात्रै देशको विकास सम्भव रहेको उहाँको जिकिर थियो ।

केन्द्रीय सदस्य शङ्कर भण्डारीले तनहुँको विकासका निमित्त काग्रेसले जित्नुपर्ने धारणा राख्नुभयो । निवर्तमान जिल्ला सभापति वैकुण्ठ न्यौपानेले विधानअनुसार पार्टीले निर्वाचनको टिकट दिने भएकाले कोही व्यक्तिको पछाडि लाग्नुको औचित्य नभएको प्रष्ट पार्नुभयो ।

# भिमाद उत्कृष्ट, व्यास सबैभन्दा कमजोर

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको मूल्याङ्कनमा तनहुँका १० स्थानीय तहमध्ये भिमाद नगरपालिका धेरै अङ्क प्राप्त गरी प्रथम भएको छ । वित्तीय समानीकरणको अनुदान सिफारिसका लागि आयोगले गरेको कार्यसम्पादन मूल्याङ्कनमा भिमादले ७२.९४ प्रतिशत अङ्क प्राप्त गरेको हो ।

सम्बन्धित स्थानीय तह र निकायबाट प्राप्त तथ्याङ्कसमेतको आधारमा आयोगले कार्यसम्पादन मूल्याङ्कन गरेर अङ्क प्रदान गरेको हो। कार्यसम्पादन मूल्याङ्कनका लागि स्थानीय तहका लागि १७ सूचक तय गरिएको आयोगका उपसचिव राजु बस्नेतले जानकारी दिनुभयो ।

समयमै बजेट पेश गरे नगरेको, असार मसान्तभित्र बजेट पास गरे नगरेको, राजस्व बाँडफाँट गरे नगरेको, आगामी आर्थिक वर्षको बजेटको अनुमान अर्थ मन्त्रालयमा पुस मसान्तभित्र पेश गरे नगरेको विषयलाई सूचकमा समावेश गरिएको थियो । आन्तरिक राजस्वको लक्ष्य र सङ्कलन, अघिल्लो आवको बजेट र खर्चको अवस्था, बेरुजु, सूत्रको प्रयोग, आवधिक योजना तय गरे नगरेको, विद्यालयमा विद्यार्थी भर्नाको अवस्था, गर्भवती महिलाको सङ्ख्या, संस्थागत प्रसूति सङ्ख्या, बालबालिकाको सङ्ख्यालगायत शीर्षकका सूचकमा आयोगले स्थानीय तहलाई अङ्कभार दिएको हो । दश स्थानीय तहमध्ये भिमाद प्रथम हुन सफल भएको छ भने सदरमुकाममा रहेको व्यास नगरपालिका सबैभन्दा कमजोर भएको छ । व्यास नगरपालिकाले ३८.७० प्रतिशत प्राप्त गरेको छ। भानु नगरपालिकाले ५८.०६, शुक्लागण्डकी नगरपालिकाले ७०.१३, घिरिङ गाउँपालिकाले ५३.०८, ऋषिङ गाउँपालिकाले ५४.४१, देवघाट गाउँपालिकाले ५७.९६, बन्दीपुर गाउँपालिकाले ५८.७५ र आँबुखैरेनी गाउँपालिकाले ६०.५६ प्रतिशत अङ्क प्राप्त गरेको आयोगले जनाएको छ।

सङ्घीय सञ्चित कोषबाट स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सिफारिसका लागि कार्यसम्पादन मूल्याङ्कन गरिएको आयोगले जनाएको छ। यही मूल्याङ्कनका आधारमा आयोगले आगामी आवका लागि सङ्घबाट स्थानीय तहमा प्रदान हुने समानीकरण अनुदानको रकम वितरणका लागि सरकारलाई सिफारिस गर्नेछ।

# जलचर र जैविक विविधता नासिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २५ फागुन

वर्षेनि आउने बाढीपहिरो र अनियन्त्रित रूपमा जथाभावि भइरहेको नदी दोहनका कारण जिल्लाका नदी तथा खोलाबाट जलचरप्राणी लोपहुँदै जान थालेका छन् भने जैविक विविधतामासमेत ह्रास आउँदै गइरहेको छ ।

प्राकृतिक र मानवीय कारणले जलसम्पदा नासिँदै र प्रदुषित हुँदै जानथालेपछि जलचर प्राणीको अस्तित्व नै खतरामा परेको पाइएको छ । म्याग्दी नदीबाट असला माछा, चेपागाँडा, भुरा, गङ्गटो आदि हराउँदै गएका छन् । जथाभावी भइरहेको नदी दोहन, फोहरमैला विर्सजन तथा बाढीपहिरोका कारण कालीगण्डकी, म्याग्दी नदी र रघुगङ्गा नदीबाट जलचर प्राणी नासिनुका साथै यस क्षेत्रको जैविक विविधता खल्बलिँदै गएको वातावरण संरक्षणकर्मीले बताएका छन् ।

विगत पाँच वर्षदेखि यी जलाधार क्षेत्रमा गएको बाढीपहिरा र अत्यधिक मात्रामा भएको नदी दोहनका कारण यी नदीमा रहेका जलचर लोपहुँदै गएको उनीहरूको भनाइ रहेको छ । भगवान विष्णुको प्रतिक मानेर पुजिने बहुमूल्य शिला शालिग्राम र जलचर प्राणीको वासस्थान मानिएको कालीगण्डकी नदीको नारच्याङ क्षेत्रदेखि सदरमुकाम बेनीसम्मको क्षेत्रमा जलचर प्राणीको अस्तित्व लोप हुँदै गएको पाइएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माणाधीन जलविद्युत् अयोजनाका कारण पानीको प्राकृतिक गुणमा परिवर्तन भई वातावरणीय असन्तुलन हुन थालेपछि जलचरको अस्तित्व सङ्कटमा परेको सरोकारवालाले बताएका छन् । नारच्याङ जलचर र जङ्गली जनावरको वासस्थानका लागि अत्यन्त अनुकूल स्थान भएको ठाउँ भनेर चिनिन्छ । पछिल्लो समय यहाँका नदी तथा खोलाबाट विद्युत् आयोजना निर्माण गर्ने होडबाजी नै चलेकोले यहाँका जलचर सङ्कटमा परेका नारच्याङमा निर्माणाधीन मिस्त्रीखोला जलविद्युत् आयोजनाको वातावरण इकाईमा कार्यरत शिव पुर्जाले बताउनुभयो ।

नारच्याङमा १५७ मेगावाटका ५ वटा जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्। निर्माणाधीन अवस्थामा रहेका ती जलविद्युत् आयोजनाका स्रोत भनेका यहाँ रहेका नदी तथा खोला नै हुन् । त्यसैगरी बाढीपहिरो र नदीजन्य वस्तुको अप्राकृतिक उत्खनन पनि जलचर नासिनुका मुख्य कारण रहेका वातावरण संरक्षणकर्मीले बताएका छन् । म्याग्दी नदी, कालीगण्डकी र रघुगङ्गा क्षेत्रमा गएका पहिरो र पहिरोसँगै विभिन्न स्थानबाट आएको बाढीले नदीको जलचक्र प्रणाली नै खल्वलाई दिएकोले जलचरको वासस्थान नाश हुँदा उनीहरू लोप हुने अवस्थामा पुगेका वातावरण संरक्षणकर्मी चन्द्रमणि सापकोटाले बताउनुभयो । उहाँका अनुसार नदीमा आउने बाढीले नदीलाई धमिल्याइदिएर आहाराको अभाव गराइ दिने मात्र होइन त्यसले जलचरको अनुकुलन अवस्थालाई पनि क्षति पुऱ्याइदिने भएकोले त्यस ठाउँमा रहनसक्ने अवस्था नभएपछि जलचर तलतिर सर्दै जान्छन् ।

मानवीय अतिक्रमण र प्राकृतिक सम्पदाको दोहन पनि जलचर प्राणी नासिँदै जानुको अर्को कारण हो । म्याग्दीका तीनवटै जलाधार क्षेत्रमा नदीजन्य वस्तुको चोरी निकासी बढेर गएको छ।


## एउटै व्यक्ति एउटै नाम भएको सूचना

ल्वाङघलेल गा.वि.स. वडा नं. ८ बस्ने भारतीय सेना नं. ५७४४१७२ का राईफल मेन काजीमान गुरुङ पेन्सन डकुमेन्टमा नामथर काजीमान गुरुङ र नेपाली नागरिकताका प्रमाणपत्रमा नामथर काजीमान तामाङ भएको निजको श्रीमती धनमाया गुरुङको पेन्सन डकुमेन्टमा नामथर धनकुमारी गुरुङसेनी र नेपाली नागरिकता प्रमाणपत्रमा नामथर धनमाया तामाङ भएको हुँदा उल्लेखित दुवै नामथर भएको व्यक्तिहरु एउटै भएको र निजको पारिवारिक विवरण निम्नानुसार भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी गाउँ विकास समितिको कार्यालय ल्वाङघलेल कास्कीको च.नं. २७८ मिति २०६७।०१।०५ को पत्रबाट लेखिआएकोले निम्नानुसार हुन सिफारिस सार्वजनिक गरिन्छ ।

| सि.नं. | नाम, थर | नाता | जन्ममिति | विवाह मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | धनमाया तामाङ भन्ने धनकुमारी गुरुङसेनी | श्रीमती | २००१।२।१५ | २०३०।८।११ | |
| २ | मानबहादुर तामाङ | छोरा | २०३१।८।२ | २०५४।८।२५ | |
| ३ | पदम कुमारी तामाङ | छोरी | २०४३।५।२० | २०६४।१२।२२ | |
| ४ | देउकुमारी तामाङ | छोरी | २०४३।११।२ | २०६५।१०।१२ | |



भारतीय सेना नं. ५७४४१७२ का राइफलमेन काजीमान गुरुङको एउटै व्यक्ति र निजको पारिवारिक विवरण जिल्ला प्रशासन कार्यालयबाट सिफारिस गरे बमोजिमपछि सार्वजनिक गरिएको छ।

# संचारकर्मी दाहालको कान्छी साली बाजारमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

संचारकर्मी तथा राष्ट्रिय संगितकर्मी संघ, कास्कीका अध्यक्ष ऋषिराम दाहालको कान्छी साली बाजारमा आएको छ।

दाहाल लगायत यो गितमा तोय कार्की, अनिता पन्त, सुनिता गुरुङ लगायतको आवाज रहेको छ। उक्त गित दिपक कँडेलको शब्द र राम्जी पौडेलको लयमा साहिल गायकको संगितमा




नमस्ते पोखराको रेडडिङमा बजारमा ल्याएका हुन् । जुन गितको भिडियोमा हिमाल रिजाल, कविता क्षेत्रीको मुख्य भूमिका रहेको छ। उक्त भिडियो पोखराको आसपासमा छायांङ्कन गरिएको हो भने भिडियोको सम्पादन सुवाश अवगाईले गरेका थिए । दाहालले यस अघि रमिता सिरियल लेखन तथा निर्देशन र शिव भजन समेत बजारमा ल्याइसकेका छन् । उक्त कान्छी साली गित रमिता टिभि यूटुव च्यानल मार्फत हेन सकिने भएको छ।

# गण्डकी प्रदेश तेक्वान्दो प्रतियोगिता २०७८ को तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ फागुन**

“स्वस्थ, अनुशासित, सुरक्षित तथा उत्कृष्ठ तेक्वान्दो खेलाडीहरु उत्पादन गर्ने” उद्देश्यका साथ फाल्गुन २६ र २७ गते पाखरामा हुन गइरहेको गण्डकी प्रदेश स्तरिय तेक्वान्दो प्रतियोगिताको तयारी पुरा भएको छ।

गण्डकी प्रदेश तेक्वान्दो संघद्धारा आयोजना हुने सो प्रतियोगितामा यस प्रदेशका ७ जिल्लाका १ सय १४ खेलाडीले भाग लिने संस्थाका अध्यक्ष जगन बहादुर गुरुङ्गले जानकारी दिनुभयो । यस प्रतियोगिताबाट छनोट भएका २६ खेलाडीहरु राष्ट्रिय टिममा भाग लिन पाउने छन् । प्रतियोगिताका गण्डकी प्रदेशका कास्की, पर्वत, बाग्लुङ, म्याग्दी, तनहुँ, गोरखा र नवलपुरका खेलाडीले प्रतिसपर्दा गर्नेछन्। जसमा सिनियर तर्फ १६ र जुनियर तर्फ १० गरि जम्मा २६ तौल समुहमा खेल हुनेछ। जुनियर महिला तर्फ ४४ के.जि. ६८ के.जि. सम्म र जुनियर पुरुष तर्फ ४८ के.जि. देखि ७८ के.जि. सम्मका खेल हुनेछन् । त्यसैगरि महिला सिनियर तर्फ ४६ के.जि. देखि ७३ के.जि. माथि सम्म र सिनियर पुरुष तर्फ ५४ के.जि. देखि ८७ के.जि. माथि सम्ममा खेल हुने कुरा कार्यक्रम संयोजक रमेश पौडेलले जानकारी दिनु भयो। प्रतियोगिता सम्पन्न गर्नका लागि २० जना अफिसियल र २० जना प्राविधिकहरु सहित २ जना स्वयंसेवक रहेको प्रतियोगिताका प्राविधिक निर्देशक एवम नेपाल तेक्वान्दो संघका केन्द्रिय उपाध्यक्ष हरिश्वर पोखेलले जानकारी दिनुभयो । अन्तराष्ट्रिय स्तरमा सबैभन्दा बढी मेडल ल्याउने खेलका रुपमा रहेको तेक्वान्दो खेललाई अझै प्रभावकारी बनाउन र सक्षम खेलाडी उत्पादन गर्न प्रदेशले विभिन्न गतिविधि गर्दै आएको छ । यस खेलको इतिहासमा नेपाललाई विश्व सामु चिनाउन तेक्वान्दो खेलाडीहरु ओलम्पीक मेडलिष्ट विधान लामा र ओलम्पीयन सहभागी खेलाडीहरु क्रमशः नारायण गुरुङ, दिपक विष्ट, संगिना वैद्य र निशा रावल जस्ता खेलाडीहरुको योगदान अविस्मरणीय रहेको छ।

जस मध्ये गण्डकी प्रदेशका ओलम्पीयन खेलाडी नारायण गुरुङ, एशियन पदक प्राप्त सपना मल्ल, हंङकङका मुख्य प्रशिक्षक तुलसी गुरुङ, स्व.अर्जुन गुरुङ, क्या.इन्द्र गुरुङ, डमर जङ्ग गुरुङ (एन जे), चिन गुरुङ, हरिश्वर पोखरेल, पूर्ण गुरुङ, कृष्ण गुरुङ, बल थापा, कर्ण बोहरा, सुनवहादुर लामा र बलराम लामा जस्ता तेक्वान्दो खेलाडी र प्रशिक्षकहरुको उर्वरभूमी पोखरा र गण्डकी प्रदेशलाई नेपाल तथा संसार भरि चिनाउने खेलाडीहरुको छनोट गर्न आयोजित यस प्रतियोगिताबाट छनोट भएका खेलाडीहरुलाई निरन्तर थप प्रशिक्षण गराई राष्ट्रिय टिममा छनोट गराउने प्रमुख उद्देश्य रहेको छ।

सन २०१९ मा नेपालले आयोजना गरेको १३औं साग खेलकुदमा सबै खेलले भन्दा बढि स्वर्ण पदक र सबै भन्दा बढी पदक ल्याउन सफल खेल तेक्वान्दो नै भएको र मुलुकले पनि अन्तराष्ट्रिय स्तरमा तेक्वान्दो खेलबाट नै बढी पदक ल्याई देशको गौरव बढाउने अपेक्षा गरिएको छ । हाल गण्डकी प्रदेशमा ४५ भन्दा बढी डोजाङ र स्कूलहरुमा करिव २५०० भन्दा बढी खेलाडीहरुलाई तेक्वान्दो खेलको प्रशिक्षण दिदै आइरहेको अध्यक्ष गुरुङ्गले जानकारी दिनुभयो।

# दोर्दीखोला जलविद्युत् आयोजना वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन थाल्ने

**रासस**
**लमजुङ, २५ फागुन**

हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा यहाँ निर्माणाधीन दोर्दीखोला जलविद्युत् आयोजनाले आगामी वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन थाल्ने भएको छ।

जिल्लाको दोर्दी खोलामा निर्माणाधीन २७ मेगावाट क्षमताको सो आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको र आगामी चैत महिनाभित्रमा परीक्षण गरेर वैशाख पहिलो हप्तादेखि विद्युत् उत्पादन गर्ने आयोजना प्रमुख मुना शाक्याले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हामीले आयोजनाको निर्माण सम्पन्न गर्दै एक महिनाको लामो परीक्षण गरिसकेका छौं ।” यसबीचमा साना-साना समस्या रहेको र गत असारमा आएको बाढीले क्षति बनाएको बाँधस्थल लगायतका क्षेत्रमा पर्खाल लगाउने र मर्मत गर्ने कार्य भइरहेको उहाँको भनाइ छ। चैत महिनाभित्रमा बाँकी रहेका ती काम सम्पन्न गर्दै अन्तिम परीक्षण गर्ने र प्राविधिकरणले जाँच गरेसँगै वैशाखको पहिलो हप्ताबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन गर्ने उहाँको भनाइ थियो। आयोजनाको शत् प्रतिशत नै निर्माण सम्पन्न भए पनि गत असारमा आएको बाढीले क्षति बनाएको टनेलको सिपेज र बाँधस्थलमा निर्माण गरिएको ‘गेट’को मर्मत भइरहेको छ। उहाँका अनुसार इलोट्रो-मेकानिकल, पेनस्टकको इनटेक, फिल्डर पाइपलगायतका काम सम्पन्न भइसकेको छ । उक्त सबैको सफल परीक्षणसमेत भइसकेको छ । त्यस्तै, पाइप विच्छ्याउने, सुरुङ खन्ने लगायतका अधिकांश निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ। पनस्टेकको ७०० मिटर, तीन हजार २०० मिटरको सुरुङ खन्ने तथा पाइप विच्छाउने, अर्को दुई हजार २७० मिटरको सुरुङको सम्पूर्ण काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ।

आयोजनाको बाँधस्थल २१२ मिटर ‘ग्रसहेड’ रहेको छ। बैंसीशहर नगरपालिका वडा नं ११ रामचोकबैंसीमा पावर हाउस रहेको छ। विसं २०७२ फागुनबाट निर्माण सुरु गरेको यस आयोजनाले विसं २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो । नाकाबन्दी, अघिल्लो वर्षायाममा विद्युत् गृहमा मर्स्याङ्दी नदीको पानी छिरेर मेसिनरी सामानमा पुऱ्याएको क्षति, कोरोनाका कारण जारी निषेधाज्ञा र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकाले ढिलाइ हुन पुग्दा निर्धारित समयमा काम सम्पन्न नभएको आयोजनाले जनाएको छ। पछि समय थपेर विसं २०७६ चैत मसान्तसम्ममा निर्माण सक्ने सम्झौता गरे पनि सोही अवधिमा पनि निर्माण सम्पन्न नभएपछि विसं २०७६ असारसम्म सक्ने गरी सम्झौता भएको थियो । सो समयमा पनि निर्माण सम्पन्न गर्न नसकेपछि विसं २०७६ पुस महिनामा बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अघि बढेको थियो।

सो समयमा पनि बिजुली उत्पादन गर्न नसकेपछि विसं २०७७ चैत महिनासम्म बिजुली उत्पादन गर्ने लक्ष्य राखेपनि सम्पन्न भएन । सो पश्चात् आगामी चैत महिनाभित्रमा विद्युत् उत्पादन गर्ने लक्ष्य रहेपनि अगामी वैशाख महिनामा मात्र उत्पादन हुने भएको छ । सुरुमा चार अर्ब २३ करोड लाग्ने अनुमानका साथ आयोजनाले निर्माण थालनी गरेपनि निर्माण अवधि लम्बिदै गएकाले चार अर्ब ६४ करोड रुपैयाँसम्म खर्च हुनसक्ने आयोजनाको अनुमान छ । यस आयोजनामा गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) को ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुरुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ । नेपाल विद्युत् प्राधिकरण र सो कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो।

आयोजनाको अनुसार सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने सम्झौता भएको छ । जिल्लामा यसअघि आधा दर्जन जलविद्युत् आयोजनाले निर्माणकार्य सम्पन्न गर्दै बिजुली उत्पादन गरिरहेको छ। त्यस्तै आधादर्जन भन्दा बढी आयोजनाले निर्धारित समयमा निर्माण सम्पन्न गर्न नसक्दा यस आयोजना जसरी पटक-पटक विद्युत् उत्पादन मिति तोक्दै निर्माण अघि बढाइरहेको छ।

# ग्रामीण सडकमा यातायात: गाउँ जाँदा खचाखच, फर्किदा रित्तै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ फागुन**

देशका विभिन्न सहरबाट म्याग्दीको सदरमुकाम बेनी आउने र बेनीबाट जिल्लाका विभिन्न ग्रामीण भेगमा जाने सवारीसाधन खाद्यान्न, फलफूल, तरकारी, निर्माण सामग्री लगायतका साधनले खचाखच भएर गाउँ जाने भए पनि गाउँबाट फर्किदा भने रित्तै फर्कने गरेका छन्।

जिल्लाभित्र सञ्चालित तीन दर्जन भन्दा बढी ग्रामीण सडकमा आवतजावत गर्ने सवारी साधनमा मानिस कम र उपभोग्य तथा निर्माण सामग्रीका साधन बढी ढुवानी हुने गर्दछन् । गाउँ जाँदा सामानले खचाखच हुने ती सवारी साधन गाउँबाट फर्किदा भने रित्तै फर्किने गरेका यातायात व्यवसायी तथा व्यापारीले बताएका छन् । जिल्लाको ग्रामीण पछिल्लो पटक व्यावसायिक कृषि र पशुपालनमा उल्लेख्य प्रगति भएको भनिए पनि देखिनेगरी परिणाम आउन नसकेको पाइएको छ । केही वर्षयता विदेशबाट गाउँ फर्किएका युवाले व्यवसायिकरूपमा तरकारी तथा फलफूल खेती, बाख्रा, कुखुरा र पशुपालन गरेका भए पनि नियमित रूपमा निर्यात गर्नसक्ने अवस्था बनिनसकेकोले गाउँ जाँदा खचाखच भरिएर जाने यातायातका साधन फर्किदा भने रित्तै हुने गरेका उद्योग वाणिज्य सङ्घका भूतपूर्व अध्यक्ष जीवनकुमार विश्वकर्माले बताउनुभयो । जिल्लाका ग्रामीण भेगमा सडकको पहुँच पुगे पनि थप सुविधाका लागि गाउँ छोडेर सहर पस्ने क्रम बढ्दै गएको स्थानीयवासीले बताएका छन् । “गाउँमा रहेका पुराना घर रित्तै छन्, पछि बनेका घर स्थानीय स्रोतसाधनको प्रयोग नगरी रड र सिमेन्टको प्रयोगबाट पक्की घर निर्माण हुँदै छन्” धौलागिरि गाउँपालिका ६ का इन्दु सुवेदीले भन्नुभयो, “मानिस नबस्ने तर घर भने पक्की बनाउने रहरले गर्दा पनि गाउँमा निर्माण सामग्री लिएर सवारी साधन बढी भित्रिने गरेका र ती साधन फर्किदा रित्तै फर्किने गरेका उहाँको भनाइ छ ।” गाउँघरमा घर निर्माण हुने क्रम बढेपनि युवा जनशक्ति भने घट्दै गएको छ। वैदेशिक रोजगार, बसाइँसराइ, जागिर र अध्ययनका लागि ठूलो सङ्ख्यामा युवा गाउँ बाहिर नै रहँदा उत्पादनजन्य कार्य रोकिएका स्थानीय बासिन्दाको भनाइ रहेको छ। म्याग्दीको उत्तरी र पश्चिमी क्षेत्र कृषि, पशुपालन, वनपैदावर र जडीबुटीको भण्डार नै मानिन्छ। उत्तरी र म्याग्दीका १७ वटा गाउँ उत्पादकत्वको हिसाबले उत्कृष्ट गाउँ मानिए पनि गाउँले अझै पनि बजारबाट ट्र्याक्टर र जीपमार्फत गाउँमा आउने खाद्यान्न खाएर गुजारा चलाउँदै आएका मालिका गाउँपालिका- २ का श्यामबहादुर विकले बताउनुभयो। पश्चिम म्याग्दीका रुम, देविस्थान, ओखरबोट, ताकम, मुना, मुदी, बिम, गुर्जा र उत्तरी म्याग्दीका नारच्याङ, शिख, घार, भूरुङ तातोपानी, दोबा, हिस्तानलगायतका गाउँ कृषि उपज र वनपैदावरका लागि अत्यन्त सम्भावनायुक्त गाउँ हुँदाहुँदै पनि यहाँको उत्पादनले नपुगेर गाउँलेले आयातित खाद्यान्न खानुपरेको नारच्याङका टेकबहादुर पुनले बताउनुभयो। सडक पुगेपछि गाउँलेको आर्थिक अवस्थामा कुनै पनि परिवर्तन नदेखिएको स्थानीयवासीले बताएका छन् । विदेशबाट आफन्तले पठाइदिएको रेमिट्यान्सको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको पाइएको छ । सहरबाट गाउँमा ट्रक जाँदा सामान भरिएर जाने, र आउदा रित्तै आउने प्रवृत्तिमा कुनै परिवर्तन आउन सकेको छैन। यसले हाम्रो अर्थ प्रणालीको नाजुक अवस्थालाई प्रष्ट पार्दछ। अझ राजनीतिक दबाबबाट सडक निर्माण गर्ने प्रवृत्तिले सडकको अवस्था पनि कमजोर हुनुले यातायात व्यवसायीले मनलाग्दी भाडा असुल्ने गरेका स्थानीयवासीको गुनासो छ।

# बलेवा विमानस्थलको कालोपत्र सकियो, चैतभित्र हस्तान्तरण हुने

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ फागुन**

निर्माण भएको झन्डै ६० वर्षपछि बलेवा विमानस्थल कालोपत्र गरिएको छ । नियमित जहाज सञ्चालन गर्ने लक्ष्यसहित बलेवा विमानस्थल कालोपत्र गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधिले बताएका छन्।

तीन वर्षअघि देखि निर्माण थाले पनि कोरोना सङ्क्रमणले रोकिएको काम अहिले पूरा भएको हो । चैत मसान्तभित्र काम सकेर हस्तान्तरणको तयारी छ। बागलुङ नगरपालिका-१४ को बलेवामा निर्माणाधीन विमानस्थल चैत मसान्तभित्र रङ्गरोगन सकेर प्राधिकरणलाई हस्तान्तरण गर्ने तयारी भएको सो आयोजनाका इन्चार्ज वासु थापाले जानकारी दिनुभयो। यो विमानस्थलमा साना तथा मझौला जहाज अवतरण गर्न सक्छन् । “सिङ्गो एअरपोर्ट एक प्रतिशत मात्रै स्लोपको छ, त्यसैले यहाँ दुवै साइटबाट जहाज अवतरण गर्न सक्छन्,” थापाले भन्नुभयो, “निर्माणका क्रममा हामीले यो अवस्थामा ल्याउने गरी काम गरेका छौं ।” कालोपत्र गुणस्तरीय रूपमा गरिएको उहाँले जानकारी दिनुभयो। प्राधिकरणको रु आठ करोड २४ लाख ३४ हजारमा कालोपत्र गरिएको हो। बलेवा विमानस्थल सात सय मिटर लामो कालोपत्र गरिएको छ । प्राधिकरणका परियोजना व्यवस्थापक सत्यनारायण दुवालले विमानस्थलको नियमित अनुगमन गरेको बताउनुभयो । “कोरोनाले समस्या भएर ढिला भए पनि अहिलेको काम सन्तोषजनक छ,” उहाँले भन्नुभयो, “चैत मसान्तमा हस्तान्तरण भएपछि हवाई उडानबारे काम सुरु हुनेछ।” यो विमानस्थल सञ्चालन भएमा बागलुङ, पर्वत र म्याग्दीका बासिन्दालाई राजधानी र भैरहवा लगायतका स्थानमा हवाई मार्गले जोड्नेछ । बलेवा क्षेत्रका नागरिकले श्रमदानबाट थालेर विसं २०१६ देखि २०१८ सम्म यो मैदान बनाएका थिए। आठ सय मिटर लामो यो विमानस्थलमा २०५० सम्म नियमित जहाज उड्थे । बलेवाबाट काठमाडौँ, पोखरा र भैरहवाका नियमित उडान भइरहेकामा पोखरा बागलुङ सडक खुलेपछि रोकिएको बागलुङ नगरपालिका-१४ का वडाध्यक्ष चक्रबहादुर खत्रीले बताउनुभयो।

विमानस्थलमा ७०० मिटर लामो पक्की नालीसमेत बनेको छ। मैदानमा एक हजार ५०० मिटर लामो घेराबार बनाइएको छ। एउटा मुख्य गेट र अर्को आपत्कालीन गेट तयार भएको छ। मैदानको सबै भाग एक किमी लामो छ तर हाल ७०० मिटर लामो क्षेत्रमा तारबार लगाइएको हो।

मैदान ६० मिटर चौडा सम्याइएपछि १८ मिटर कालोपत्र भएको हो। यो विमानस्थल सञ्चालनका लागि बागलुङ बजारदेखिको आठ किमी सडक कालोपत्र गर्नुपर्ने स्थानीयवासी सुमन भुसालले बताउनुभयो। “सरर ट्याक्सीमा जानसक्ने गरी सडक कलोपत्र नगर्दासम्म यो विमानस्थल सञ्चालनमा ल्याउन पनि कठिन छ, विमानमा झरेपछि या विमान चढ्न जान खाल्डाखुल्डीको सडक सहज छैन,” उहाँको भनाइ छ। हाल कालीगण्डकी करिडोर निर्माणाधीन छ तर नेपाली सेनाले सडक विभागलाई हस्तान्तरण गरेपछि भने स्तरोन्नतिको काम पनि ठप्प छ।


**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**पशुसेवा तालिम केन्द्र**
**गण्डकी प्रदेश, पोखरा**

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/११/२६**

१. यस कार्यालयबाट विद्युतीय माध्यमबाट निम्नानुसारको निर्माण कार्यको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

| सि.नं | ठेक्का नं | कामको विवरण | निर्माण कार्यको लागत अनुमान (मु.अ.क वाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | LTC/SQ/ W/01/078/79 | पानी टंकी निर्माण | १०,२५,६२७.५४ | १०००.०० | ३०,०००.०० | |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरुले सार्वजनिक खरिद कार्यालयको वेभसाईट **www.bolpatra.gov.np/epg** मा हेर्न तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात डाउनलोड गर्न सक्नेछन। माथि उल्लेखित दरभाउपत्र दस्तुर निम्न खातामा जम्मा गर्नुपर्नेछ।
बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक    कार्यालयको नाम : पशु सेवा तालिम केन्द्र , पोखरा
कार्यालयको कोड नं : ३१२०४३९०१४    कार्यालयको खाता नं : १०००१००५०१००४०००
राजस्व शीर्षक नं : १४२२९

३. सिलबन्दी दरभाउपत्रहरु मिति २०७८/१२/११ गते अपरान्ह १२:०० बजे भित्र सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा पेश गरि सक्नुपर्नेछ। उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ।

४. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७८/१२/११ गते अपरान्ह १:०० बजे उपस्थित हुन चाहने निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुनेगरी ४५ दिनको हुनेछ। दरभाउपत्रको साथ माथि उल्लेखित दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि कम्तीमा पनि ७५ दिनको अर्थात २०७९/०२/२४ सम्म हुनु पर्नेछ। दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक स्थित धरौटी खाता नं ३०२०१००२०२०३०००० (कार्यालयको कोड नं. ३१२०४३९०१४) मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउपत्र खरिद गर्ने पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।